प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर
प्रदेश नं.१, गाईघाट

प्रस्ताव आह्वान सम्वन्धि सूचना

सूचना नं.६-२०७९/०८०

प्रथम पटक प्रकाशित मिति २०७९/०८/२८
अन्तिम मिति २०७९/०९/१३

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुशार प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली,२०७८ बमोजिमका शर्तहरु पालन गरि देहायका कार्यक्रम कार्यान्वयन गर्नका लागि उदयपुर जिल्लाका ईच्छुक व्यावसायिक पशु पालन फर्म/कृषक समूह/सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्न हुन आह्वान गरिन्छ ।साथै म्याद नाघी प्राप्त हुन आएका प्रस्ताहरु दर्ता नहुने र रित नपुगेका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नगराइने व्यहोरा सूचित गराइन्छ ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुरको फोन नं. ०३५-४२२१२९/०३५-४२२६४७ वा अधिकृत श्री तेज वहादुर कार्कीको मोवाईल नं.९८५२८३५३१३ मा सम्पर्क राख्नहुन वा कृषि मन्त्रालयको वेभसाइट www.molmac.p1.gov.npवा dolfd.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सकिनेछ ।

कार्यक्रम विवरण :-

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | उपलव्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यावसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ संग सम्वन्धित बुदा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाख्राको श्रोत केन्द्र स्थापना | संख्या | १ | कुल लागतको ७५% वा बढीमा ५० लाख प्रति इकाई | परिच्छेद ३ को बुदा नं.२.१ | |
| २ | बोयर बोका खरिद तथा वितरण | संख्या | ६० | कुल लागतको ७५% वा बढीमा ७५ हजार प्रति इकाई | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को अनुसूचि-२ (नियम ६ को खण्ड (क) संग सम्वन्धित) व्यावसायिक योजना | कम्तिमा २० माउ बाख्रा भएको व्यावसायिक फार्म वा बाख्रा पालक कृषकसमूह/समिति/सहकारी को हकमा कम्तिमा ३ वटा माउ बाख्रा भएको १० घर धुरिका लागि १ वटा बोयर बोका |

प्रस्तावकको साथमा गर्नु पर्ने कागजातहरु :-

१. रु.१० को टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. व्यक्तिगत फर्मको हकमा रु.१०० तथा संस्थागत आवेदनको हकमा रु.२०० र ५० लाख वा सो भन्दा वढी कुल लागत भएको आयोजनाको अनुदानमा व्यक्तिगत र संस्थागत दुवैले पाँच सय रुपैयाको राजश्व दस्तुर बुझाएको रसिद ।
३. व्यवसायिक योजना/आधारभूत तथ्याङ्क विवरण
४. विगत ३ बर्षमा अनुदान नलिएको जानकारी सहित स्थानिय तहको शिफारिस ।
५. प्रस्तावकले कम्तिमा ५ वर्षका लागि व्यावसायको निरन्तरता सम्वन्धि प्रतिवद्धता ।
६. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने धनिपुर्जाको प्रतिलिपी वा लिजको घर जग्गामा कार्यक्रम स्थापना वा संचालन भएमा जग्गा धनि सँग कम्तिमा १० बर्षको करारनामा वा सम्झौता ।
७. समूह/समिती/सहकारीको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपी ।
८. अन्य प्रमाण पत्रहरु(तालिम/शैक्षिक योग्यता/एकल महिला/विदेशवाट फर्किएको भए पासपोर्ट आदि)को प्रतिलिपी ।
९. सूचना प्रकाशन हुन अगावै प्रचलित कानून वमोजिम सरकारी निकायमा फर्म दर्ता/नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी ।
१०. अघिल्लो आर्थिक वर्ष सम्म अद्यावधिक गराएको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी,भ्याट/स्थायी लेखा नम्वर प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपी र अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी।
११. पशु बिमाको कागजात र स्थानिय तहमा किसान सूचिकरण गरेको भएमा सोको प्रमाण पत्र पेश गर्ने प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।
१२. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
१३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

प्रस्ताव बुझाउन सक्ने स्थानः भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर गाइघाट

कार्यालय प्रमुख